# संयुक्त राजनीतिक दलित संघर्ष समिति

Joint Political Dalit Struggle Committee- 2066

काठमाडौं, नेपाल (Kathmandu,Nepal)

**विषय : ज्ञापन पत्र**

श्री सम्माननीय अध्यक्ष ज्यू

मन्त्री परिषद

सिंहदरबार, काठमाडौं ।

विगत सात दशकदेखि नेपाल र नेपाली जनताको मुक्तिको लागि विभिन्न आन्दोलनहरूमा दलित समुदायले प्राण उत्सर्ग गर्दै आएका छन् । त्यसै सिलसिलामा २००७ को प्रजातान्त्रिक आन्दोलन, २०४६ को जनआन्दोलन, दश वर्षे जनयुद्ध र ०६२/६३ को ऐतिहासिक जनआन्दोलन लगायतका आन्दोलनहरूमा नेपाली दलित समुदायको बलिदानिपूर्ण सहभागिता रहेको तथ्य इतिहाससिद्ध छ । वर्णव्यवस्थाद्वारा जातपात-छुवाछुत र सामाजिक विभेदको मारमा पारिएका कला, कौशलका धनी ऐतिहासिक श्रमजीवी दलित समुदायका संघ/संगठनहरूले समेत दलित मुक्तिका लागि विभिन्न चरणमा संयुक्त रूपमा र आ-आफ्नो संगठनको नेतृत्वमा आन्दोलनहरू गरेको कुरा जग जाहेर नै छ । जनशक्तिको बलमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै शान्ति र नयाँ संविधानलाई निर्णायक विन्दुमा पुऱ्याउन मुलतः दलित उत्पीडित समुदायले अहम जिम्मेवमरी बोध गरेको छ । राज्यका संपुर्ण अंग, निकाय र क्षेत्रमा अधिकार संवर्धनका लागि देशभर जुर्मुराइरहेका आम दलितको नेतृत्व गर्दै आएको संयुक्त राजनीतिक दलित संघर्ष समितिले चरणवद्ध आन्दोलन गर्दै आएको कुरा पनि सबैमा जगजाहेर नै छ ।

जातीय विभेद तथा छुवाछुत (कसुर सजाय) ऐन २०६मा सामाजिक न्यायका क्षेत्रमा सकारात्मक प्रावधान स्थापित गरेको भएता पनि दिनानु दिन मुलुकभर जातीय छुवाछुतजन्य जघन्य अमानवीय घटनाहरु श्रृङ्खलावद्ध घटिरहनाले एकातिर विश्व जनमानसमा देशलाई नै सीर झुकाउन पर्ने अवस्थामा पुऱ्याएको छ भने अर्कोतिर देशको संविधान ऐन कानुन एवं छुवाछुत मुक्तराष्ट्र घोषणा, जातीय विभेद तथा छुवाछुत (कसुर सजाय) ऐन २०६८ कार्यान्वयन गर्न प्रधानमन्त्रीको संयोजकत्वमा बनेको दलित अधिकार संयन्त्र ०६८ आदिलाई बकवास सावित गरेर खिल्ली उडादिएको छ । यी सबै विषयहरुमा संवेदनसिल भई निम्ति षियमा ध्यान केनद्रीत गर्न यो ज्ञापन पत्र पेस गरीएको छ ।

१)	२०७० साल जेष्ठ २४ गते शुक्रबार राती रौतहटको पिपरिया  स्थित भिङडावार गाँउको दलित बस्ती माथी स्थानीय गैर दलित समुदायबाट भएको आक्रमर्ण तथा लुटपाटको घटना प्रति संयुक्त राजनीतिक दलित संघर्ष समिति मर्माहित भयो । यसघटनाको घोर निन्दा एवंम भर्त्सना गर्दछ । आक्रमर्णबाट २० जना घाइते बनाउनुका साथै करिव ६५ भन्दा बढी घरहरु भत्काइएका, खानेपानीका धारा, गोठ, सौचालय समेत क्षतविक्षेत पारिएका कारण सिंगो दलित बस्ति विस्थापीत भएका छन । उक्त बस्ति व्यवस्थित रुपमा स्थापितगर्न, घाइतेहरूलाई निशुल्क उपचार गर्न, पीडितहरुलाई शान्ति सुरक्षाको ग्यारण्टि दिनुका साथैं जातीय भेदभाव तथा छुवाछुत (कसुर सजाय) ऐन २०६ अनुसार पिडकहरुलाई हुँदै सम्मको बारवाही गर्न गराउनको लागि नेपाल सरकार समक्ष माग गर्दछौ ।

२)	यही जेठ २३ गते काठमाण्डौ जोरपाटीमा अन्तर जतीय विवाहका करण हत्या गरेको भनिएकी अस्मीता परियार लगायत देशभर भएका जातीय छुवाछुतजन्य घटनाका दोसीहरुलाई उचित छानविन गरी तत्काल कार्यवाही गर्न एवं पीडितलाई क्षतिपुर्ति सहित न्याय दिलाउने कार्य होस् भन्ने जोडदार माग गर्दछौ ।

३)	राज्यले रौतहट घटनाको न्यायीक छानबिन गर्न दलित संघर्ष समिति एवं दलित विज्ञहरु समेत प्रतिनिधि रहने गरी उच्च स्तरीय छानबिन आयोग तत्काल गठन गरी कार्य प्रारम्भ गर्नु पर्ने ।

४)	प्रथम चरणका कार्यक्रमलाई सम्बन्धित निकायले गंभिरसँग नलिएमा तथ तत्काल कार्यान्वयन नगरेमा दोस्रो चरणमा नेपाल बन्द सम्मका सशक्त कार्यक्रम गरिने कुरा समेत यसै मर्फत जानकारी गरिन्छ ।

संयुक्त राजनीतिक दलित संघर्ष समिति आवद्ध घटकहरु :

संयोजक -रणेन्द्र बराली (नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा)

अध्यक्ष -मिन विश्वकर्मा (नेपाल दलित संघ)

अध्यक्ष -जितु गौतम नेपाल (उत्पीडित जातिय मुक्ति समाज)

संयोजक-तिलक परियार (नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा चौ.म)

अध्यक्ष -राजेस विश्वकर्मा (जातीय समता समाज)

अध्यक्ष -केशबहादुर परियार (उत्पीडित जातीय उत्थान संघ (एकीकृत) )

का.बा.अध्यक्ष - उपेन्द्र छटुन्जेल (नेपाल राष्ट्रिय दलित केन्द्र)

का.बा. अध्यक्ष- सेवल राम (नेपाल सद्भावना दलित मंच)